# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# नगर युबा परिषद कार्यविधि , २०७९

**भाग २, बर्ष ७, अंक ३**

**कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/१२/२९**

**प्रकाशन मिति: २०८० जेठ १० गते बुधबार**

# नगर युबा परिषद कार्यविधि , २०७९

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

**प्रस्तावना**

युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि युवा सम्बन्धि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सार्थक सहभागिता बृद्धि गरी विकासमा मूल प्रवाहीकरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भीक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस नियमावलीको नाम **नगर युवा परिषद् कार्यविधि २०७९** रहेको छ ।

२) यो कार्यविधि प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२) **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) अध्यक्ष भन्नाले समितिको अध्यक्ष सम्भन्नु पर्दछ ।

ख) उपाध्यक्ष भन्नाले समितिको उपाध्यक्ष सम्भन्नु पर्दछ ।

ग) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्दछ ।

घ) परिषद् भन्नाले नियम ५ बमोजिम स्थापना भएको नगर युवा परिषद् सम्भन्नु पर्दछ ।

ङ) युवा भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरे बमोजिमका (१६ - ४०) बर्षका व्यक्ति सम्भन्नु पर्दछ ।

च) विशेष समुदायको युवा भन्नाले द्वन्द्व पिडित, जोखिममा परेका, दलित, जनजाति, दुर्गम तथा गरिबिको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसंख्यक समुदायका युवा सम्भन्नु पर्दछ ।

छ) सदस्य भन्नाले समितिको सदस्य सम्भन्नु पर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँदछ ।

ज) नगरपालिका वा कार्यपालिका भन्नाले पाटन नगरपालिका तथा कार्यपालिकालाई जनाउँदछ ।

झ) क्लब भन्नाले टोल र वडामा गठन हुने युवाको क्लबलाई जनाउँछ ।

## परिच्छेद २

## परिषद्को स्थापना

३. **परिषद्को स्थापना** : १) प्रस्तावनामा उल्लेख भए बमोजिमको काम समेतका लागि नगर युवा परिषद् स्थापना गरिएको छ ।

२) नगर युवा परिषद्को प्रमुख कार्यालय नगरपालिकामा रहनेछ ।

३) परिषद्ले नगरपालिका सँगको समन्वयमा नगरको अन्य स्थानमा पनि आफ्नो प्रमुख सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

४. **परिषद् स्वशासित र संगठित संस्था हुने**

१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ । तर परिषद्ले अचल सम्पत्ति बेचविखन गर्नु अघि नगर कार्यपालिकाको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५) परिषद्ले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद ३

## परिषद्को गठन, काम, कर्तव्य र अधिकार

५. **परिषद्को गठन** : १) नगर युवा परिषद् गठन देहाय बमोजिम हुनेछ :

क) नगर प्रमुख - अध्यक्ष

ख) नगरपालिकाले मनोनयन गरेको युवा - उपाध्यक्ष

ग) सामाजिक विकास समिति संयोजक - पदेन सदस्य

घ) युवा विकासको क्षेत्रमा योगदान गरेको मध्ये परिषद्ले मनोनित गरेको एक जना महिला समेत दुई जना युवा - सदस्य

ङ) वडा युवा क्लबबाट परिषद्ले मनोनित गरेका एक जना महिला समेत दुई जना -. सदस्य

च) सिमान्तकृत समुदायबाट परिषद्ले मनोनित गरेको एक जना महिला समेत दुई जना - सदस्य

च) प्रमुख, सामाजिक विकास शाखा - पदेन सदस्य

छ) प्रमुख, स्वास्थ्य शाखा - पदेन सदस्य

ज) प्रमुख, महिला तथा बालबालिका शाखा - पदेन सदस्य

झ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य-सचिव

२) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानीय सरकारले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सकिनेछ ।

४) उपनियम (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

५) नियम ५, उपनियम (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ ।

६) मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उतीर्ण भएको हुनु पर्नेछ ।

६. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) युवा सम्बन्धी दीर्घकालिन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने

ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने

ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने

ङ) युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने

च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने

छ) युवा विकास, सशक्तिकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकालाई सुझाव दिने

ज) नगरस्तरमा युवा जागरण तथा सशक्तिकरण परिचालन गर्ने

झ) नगरस्तरमा युवा सिप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने

ञ) युवाका क्षेत्रमा काम गर्ने राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने

ट) परिषद्को लागि आवश्यक कर्मचारीको दरबन्दी प्रस्ताव गरि पेश गर्ने

ठ) युवाका क्षेत्रमा संघ, प्रदेश र पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने

ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

७. **परिषद्को बैठक र निर्णय**

१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यतया चार महिनाभन्दा बढी हुने छैन ।

२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) परिषद्को बैठक हुनभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको उनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

७) परिषद्को बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद ४

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

८. **समितिको गठन** :

१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहने छ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ :

क) उपाध्यक्ष - अध्यक्ष

ख) नगरपालिकाले तोकेको नगरको युवा सम्बन्धि कार्यक्रम हेर्ने बरिष्ठतम कर्मचारी - सदस्य

ग) परिषद्का सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला रहने गरी परिषद्ले मनोनित गरेका दुई जना - सदस्य

घ) परिषद्को सदस्य-सचिव - सदस्य-सचिव

३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

## ९. कार्यकारी समितिको बैठक र निर्णय :

१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितीमा सदस्य सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

४) समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

९) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## १०. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने

ख) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने

ग) युवा सम्बन्धि विभिन्न निकायद्धारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने

घ) युवा सम्बन्धि सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने

ङ) दैनिक कार्य संचालन गर्ने

च) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ५

## युवा क्लब गठन तथा काम कर्तव्य र अधिकार

११. **युवा क्लबको गठन**

१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडा अध्यक्षको संरक्षकत्वमा युवा क्लब गठन हुनेछ ।

२) उपनिय (१) बमोजिम गठन हुने युवा क्लबमा सम्बन्धित वडा भित्रका युवा उमेर समूहका १६ देखि २४ वर्ष सम्मका सम्पूर्ण युवाहरु युवा क्लबमा साधारण सदस्य हुन सक्नेछन् ।

३) वडामा गठन हुने वडास्तरीय युवाक्लबको एक कार्यसमिति रहने छ ।

४) युवाक्लबका सदस्यहरुले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरु मध्येबाट छनौट गर्नेछन् । पाँच जना सदस्य सहित नौ जनाको कार्यसमितिमा कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

५) युवाक्लबका सदस्य चयन गर्नका लागि परिषद्ले यस सम्बन्धि थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

६) युवा क्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

८) प्रत्यक टोलमा ५० जना युवासम्मको टोल युवा क्लब गठन गर्न सकिनेछ । टोल युवा क्लबका युवाबाट वडा युवाक्लब गठन हुनेछ ।

९) यस कार्यविधि अनुसार सम्पूर्ण व्यवस्था नभए सम्मका लागि युवा क्लबको तदर्थ समिति गठन गर्न सकिनेछ जसको समयावधि बढिमा ६ महिना सम्मको हुनेछ ।

१२. **युवा क्लबको काम, कर्तवय र अधिकार**

१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

२) परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

३) नगर तथा वडास्तरमा सञ्चालन हुने सरसफाई, वातावरण संरक्षण, बाल अधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेता अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

४) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, परिषद् तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

५) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद्, नगर युवा परिषद् र मातहतका निकायहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

६) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

७) प्रत्यक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व तथा व्यवस्थापन गर्ने ।

८) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र नगर युवा परिषद्सँग समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

९) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्‍याउने ।

१०) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।

११) परिषद्ले तोकेको अन्य कार्य गर्ने ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदुरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ६

## परिषद्सँगको आबद्धता र कार्यक्रम सञ्चालन

### १३. युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्ने

१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दता भएका नगरपलिका क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था परिषद्मा अनिवार्य आबद्ध हुनु पर्नेछ ।

२) आबद्धताका लागि तपसिल बमोजिमको विवरण खुलाई परिषद् समक्ष अनुसूची १ बमाजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम निवेदन दिदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नु पर्नेछ ।

४) उपदफा (२) बमोजिम प्राप्त निवेदन दिने संघ संस्थालाई आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा कार्यकारी समितिले तोक बमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आबद्धता प्रदान गर्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम आबद्ध भएका संघ संस्थाले प्रत्यक दुई वर्षमा समितिले तोके बमोजिमको दस्तुर बुझाई नविकरण गर्नुपर्नेछ ।

६) उपदफा (४) बमोजिम परिषद्सँग आवद्ध भएका संघसंस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

७) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, आबद्धता नवीकरण नगरेमा, लगातार दुई आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य नगरेमा संघसंस्थाको आबद्धता नवीकरण तथा आवद्धता रद्द गर्न सकिनेछ ।

१४) **कार्यक्रम सञ्चालन गर्ने** : दफा १३ बमाजिम परिषद्सँग आवद्ध भएका युवा सम्बन्धि संघ, संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई विभिन्न ज्ञान र सीपसम्बन्धि तालिम प्रदान गर्ने, युवालाई सशक्तिकरण गर्न र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

## परिच्छेद ७

## उपाध्यक्ष तथा कर्मचारी

**१५. उपाध्यक्ष सम्बन्धी व्यवस्था :**

(१) नगर कार्यपालिकाको नगर युवा परिषद्को कार्यकारी समितिको प्रमुखको रुपमा काम गर्न दफा ५ को १(ख) बमोजिमको उपाध्यक्षको नियुक्ति गर्नेछ ।

(२) उपाध्यक्षले नगर कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता एवं अन्य सुबिधा पाउनेछ ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्याएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपाध्यक्षको सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

१६. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्बाट स्वीकृति नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने

(ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

१७. **कर्मचारी सम्बन्धी व्यवस्था** :

(१) परिषद्को कार्य सञ्चालन गर्ने आवश्यकताका आधारमा कर्मचारीको व्यबस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसारका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (१) र (२) अनुसारका कर्मचारीको व्यबस्थापन नभएसम्म शिक्षा, युवा तथा खेलकुद शाखा एवं तोकिएको अन्य कुनै कर्मचारीले गर्नेछ ।

## परिच्छेद ८

## परिषद्को कोष

**१८. परिषद्को कोष :**

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) युवा सम्बन्धी संघ संस्थालाई आवद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम

(ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) उपनियम (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्को निर्णय अनुसार नगरपालिकाको आर्थिक कारोवार हुने गरेको बैंकमा परिषद्को नाममा उपाध्यक्ष र सदस्य-सचिवको संयुक्त हस्ताक्षरबाट खाता खोली संचालन गरिनेछ ।

(६) परिषद्को कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

**१९. लेखा र लेखापरिक्षण :**

(१) परिषद्को आय व्ययको लेखा र लेखा परिक्षण नगरपालिकाको लेखा तथा आर्थिक प्रशासन शाखाबाट नै संचालन गरिनेछ ।

(२) नगरपालिकाले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(३) परिषद्को लेखा परिक्षण नगरपालिकाले गराउनेछ ।

## परिच्छेद ९

## विविध

२०. **भाग लिन नहुने** : परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

२१. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** :

(१) परिषद्ले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

२२. **सेवा सुविधा तथा बैठक भत्ता** : परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य तथा कार्यविधिको नियम २१ बमोजिमको उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत नगरपालिकाको आर्थिक कार्यविधि बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन् ।

२३.**बार्षिक प्रतिवेदन** :

(१) परिषद्ले आफूले वर्षभरि गरेको कामको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र युवा क्लबहरुले वर्षभरिमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषदको कोषको तथा स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारबाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्यक वर्ष प्रकाशन गर्नु पर्नेछ ।

२४. **निर्देशन दिन सक्ने** :

(१) नगर कार्यपालिकाले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजिकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२५. **अधिकार प्रत्यायोजन** :

(१) परिषद्ले यो कार्यविधि अन्तर्गत आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **शपथ** : परिषद् र समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसुचि ३ बमोजिमको ढाँचामा अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ ।

२७. **सहयोग गर्नुपर्ने** : परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२८. **परिषद्को विघटन** : परिषद्ले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत समितिको विघटन गर्न सक्नेछ ।

२९. **सम्पर्क राख्ने** : समितिले संघिय सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नु पर्दछ ।

३०. **बिनियम बनाउने अधिकार** :

(१) यो कार्यबिधिको अधिनमा रही परिषदले आवश्यक बिनियम निर्देशिका र कार्यबिधि बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आर्थिक व्ययभार पर्ने विनियम, निर्देशिका र कार्यबिधि बनाउदा अनिवार्य रुपमा नगरपालिकाको स्वीकृती लिनुपर्नेछ ।

अनुसूचि १

संस्थाहरुको आबद्धताका लागि दिईने निवेदनको ढाँचा (नियम...... को ....... सँग सम्बन्धित)

मिति :......

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

श्री नगर युवा परिषद्

पाटन नगरपालिका

विषय : आबद्ध हुन पाऊँ ।

नगर युवा परिषद् कार्यविधी २०७९ को दफा १३ को उपदफा (२) बमोजिम परिषद्सँग आबद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालना गर्नुपर्ने शर्तका पालना गर्न मञ्जुर छौं ।

१. संघ वा संस्थाको नाम :

२. संघ वा संस्थाको ठेगाना : क) नगरपालिका : ............................ (ख) जिल्ला : ..............
ग) फोन नं .................. (घ) इमेल : ............................ (ङ) वेवसाइट ...................

३. संघ वा संस्थाको उद्देश्य:

(क)

(ख)

(ग)

(घ)

४. संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि:

५. संघ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र सम्पर्क नं:

(क)

(ख)

(ग)

(घ)

६. संलग्न कागजातहरु :

(क) संघ वा संस्था दर्ताको प्रमाणपत्र:

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

(ख) निवेदक संघ वा संस्थाको विधानको प्रतिलिपि :

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन :

(घ) संघ वा संस्थाको तर्फबाट आबद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि :

संस्थाको छाप :

निवेदकको नाम, थर :

ठेगाना :

दस्तखत :

पद :

संघ वा संस्थाको नाम :

ठेगाना :

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदुरपश्चिम प्रदेश, नेपाल

## अनुसूची २

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

परिषद्सँग आबद्ध हुन पाऊँ भनी ........................................... (संघ वा संस्थाको नाम र ठेगाना) ले मिति ........................... मा दिएको निवेदन उपर कारबाही हुँदा परिषद्को मिति .......... को निर्णयानुसार त्यस संघ वा संस्थालाई नगर युवा परिषद् कार्यविधि २०७९ को दफा १३ को उपदफा (४) बमोजिम परिषद्सँग आबद्ध गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१.आबद्धता नम्बर :

२. आबद्धता कायम रहने अवधि : यो आबद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति ............. सम्म कायम रहनेछ ।

प्रमाण पत्र जारी गर्ने अधिकारीको नाम

समितिको छाप

नाम, थर :

पद :

मिति :

पछाडिपट्टी नविकरण सम्बन्धि विवरण

| क.सं. | नविकरण गर्ने कर्मचारीको नाम थर | दर्जा | दस्तखत | नविकरण मिति | कायम रहने अवधि |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूचि ३

(दफा २६ सँग सम्बन्धित)

**सपथ**

म ................................................................ (शपथ लिने व्यक्तिको नाम) ................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि पाटन नगरपालिका नगर युवा परिषद्को ..................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा परिषद् प्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोहालिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

शपथ ग्रहण गर्नेको :

नाम :

दस्तखत :

मिति :

पद :

शपथ ग्रहण गरेको प्रमाणित गराउनेको :

नाम :

दस्तखत :

मिति :

पद :